नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)

इमेल: edcs@mofaga.gov.np
सिंहदरबार, काठमाडौं।

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : 962

विक्रम संवत्: २०८३/०३/०३
नेपाल संवत्: ११४६ तछलाध्व

विषयः सगरमाथा वृक्षरोपण महाअभियान सम्बन्धमा।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

उपर्युक्त सम्बन्धमा, कृषि, वन तथा पर्यावरण मन्त्रालयको च.नं. ९३ मिति २०८३/०२/२७ को सगरमाथा वृक्षरोपण महाअभियान सम्बन्धमा विषयक पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ। संलग्न पत्रमार्फत माग भएबमोजिमको वृक्षरोपणको विवरण तपसिल बमोजिमको Google Form मार्फत पत्रका मितिले ७ (सात) दिनभित्र उपलब्ध गराइदिनुहुन निर्देशानुसार अनुरोध छ।

तपसिलः
Google Form Link: https://forms.gle/3nWJ7Uy5JMG5nGep7

२०८३/०३/०३
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय (वन उद्यम प्रवर्द्धन शाखा), सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वेवसाइट र पोर्टलमार्फत स्थानीय तहमा पत्राचारका लागि)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सहभागितामूलक वन महाशाखा
(वन उद्यम प्रवर्द्धन शाखा)

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- 52

मितिः २०८३/०२/२७
नेपाल सम्वतः ११४६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः- "सगरमाथा वृक्षरोपण महाअभियान" सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधान (भाग ३ धारा ३०) बमोजिमको स्वच्छ वातावरणको मौलिक हक र वातावरणीय सन्तुलन सम्बन्धी राज्यको नीति एवं नेपाल सरकारको वन तथा वातावरण सम्बन्धी नीति र सन् २०४५ सम्म कार्बन उत्सर्जन शुन्य गर्ने प्रतिवद्धता अनुरुप प्रकृति र वातावरण संरक्षण गर्ने उद्देश्यले नेपाल भित्रका वृक्षरोपण गर्न उपयुक्त खाली/पर्ती जग्गा, नदी/खोला/नहर किनारा, लोकमार्ग दायाँबाँया, सडक किनारा, कार्यालय परिसर, शैक्षिक संस्थाको प्रांङ्गण, सार्वजनिक तथा निजी जमिन लगायतका क्षेत्रमा उपयुक्त प्रजातिका वनजन्य, फलफूलजन्य तथा सौन्दर्यपरक रुख विरुवा, जडिबुटी तथा उच्च मुल्यका वनस्पतिको वृक्षरोपण र सो को संरक्षण गर्ने गरी हरेक वर्ष **आषाढ १४ देखि श्रावण १५: २०८२-२१०२** (तदनुसार २०२५-२०४५) सम्म **"सगरमाथा वृक्षरोपण महाअभियान"** संचालन गर्न नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०८२/०३/०८ मा निर्णय भएको व्यहोरा अवगतै छ । सो सम्बन्धमा यस वर्ष पनि उक्त अवधिभर वृक्षरोपण महाअभियान अन्तर्गत वृक्षरोपण अभियान संचालन गर्न (वृक्षरोपणका लागि नजिकको वनक्षेत्र हेर्ने कार्यालयहरु-डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय, भु-तथा जलाधार व्यवस्थापन कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ) साथै महाअभियान अन्तर्गत यस वर्ष के कति वृक्षरोपण भयो सोको तथ्याङ्क समेत तपशिल बमोजिमको ढाँचामा कार्यक्रम समाप्त भएको मितिले १५ दिनभित्र उपलब्ध गराईदिनुहुन भनि सबै स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन समेत आदेशानुसार अनुरोध छ।

तपशिलः

| क्र.सं. | जिल्ला/स्थान | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | वनजन्य प्रजाति | फलफूलजन्य प्रजाति | सौन्दर्यपरक प्रजाति | जडिबुटी तथा उच्च मुल्यका वनस्पति | |
| | | | | | | |

2083/02/26
(षष्टिका गिरी)
शाखा अधिकृत